# एच एण्ड बि डेभलपमेण्ट बैंक लि.लाई शीघ्र सुधारात्मक कारवाही गरिएको सूचना

एच एण्ड बि डेभलपमेण्ट बैंक लि.को २०६९ पौष मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा गरिएको समष्टिगत स्थलगत निरीक्षणको प्रतिवेदनबाट संस्थामा विभिन्न व्यक्तिगत तथा संस्थाको खाताबाट अनियमित तवरले भुक्तानी भएको रकम रु.४२ करोड ६१ लाख ८० हजार, सुपरिवेक्षकीय आधारमा थप कर्जा नोक्सानी व्यवस्था रु.१४ करोड २ लाख १२ हजार तथा संस्था आफैले गरेको कर्जा नोक्सानी व्यवस्था रु.९ करोड ९१ लाख ९६ हजार समेत गरी कूल रु.६६ करोड ५५ लाख ८८ हजारको नोक्सानी व्यवस्था कायम गर्नुपर्ने देखिएको । उल्लिखित रकमका लागि नोक्सानी व्यवस्था गर्दा संस्थाको पूँजीकोष ८.१० प्रतिशत मात्र हुने भई यस बैंकबाट जारी पूँजीकोष सम्बन्धी निर्देशन पालना नभएको हुँदा एच एण्ड बि डेभलपमेण्ट बैंक लि., डिल्लीबजार, काठमाडौंलाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को (पहिलो संशोधन, २०६८ सहित) को विनियम ३(ख) अनुसार मिति २०७०।८।११ देखि कारवाही गरी देहायबमोजिम गर्न/गराउन निर्देशन दिइएको छ ।

(क) संस्थाको पूँजी वृद्धि (रि-क्यापिटलाईजेशन) गर्न पूँजी योजना पेश गर्न,

(ख) लाभांश तथा बोनस शेयर घोषणा नगर्न,

(ग) नयाँ शाखा नखोल्न,

(घ) मिति २०७०।८।१० को कारोवार पश्चात् कायम निक्षेप मौज्दातमा १० प्रतिशतसम्म थप गर्दा हुन आउने सम्मको सीमाभित्र रही निक्षेप परिचालन गर्न,

(ङ) मिति २०७०।८।१० को कारोवार पश्चात् कायम भएको कूल कर्जा तथा सापट रकमको सीमाभित्र रही कर्जा प्रवाह गर्न,

(च) खरिद वा लिज प्रक्रिया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्नुपूर्व यस बैंकको स्वीकृति लिन,

(छ) निक्षेप परिचालन र कर्जा तथा सुविधा प्रवाहसँग सम्बन्धित नयाँ व्यावसायिक क्रियाकलाप (विजनेश लाईन) सञ्चालन गर्नुपूर्व यस बैंकको स्वीकृति लिन ।